लुम्बिनी साँस्कृतिक नगरपालिका
रूपन्देही, लुम्बिनी प्रदेश, नेपाल

# स्थानीय राजपत्र

लुम्बिनी साँस्कृतिक नगरपालिका, रुपन्देहीद्वारा प्रकाशित

| खण्डः ७ | संख्याः ५ | मितिः २०८०/०३/१० |
|---|---|---|


भाग-२

**लुम्बिनी साँस्कृतिक नगरपालिका**

लुम्बिनी साँस्कृतिक नगरपालिकाको राष्ट्रिय/अन्तर्राष्ट्रिय समन्वय, सहकार्य, सम्बन्ध विस्तार एवमं सहयोग र अनुभवको आदान प्रदान सम्बन्धी कार्यविधी, २०७७, पहिलो संशोधन स्वीकृत मिति-२०८०/०३/१०, स्थानीय सरकार सन्चालन ऐन २०७४ को दफा १०२ उपदफा (१) बमोजिम लुम्बिनी साँस्कृतिक नगरपालिका नगर कार्यपालिका एवम् नगर सभावाट पारित गरि सर्वसाधारणको जानकारीका लागि कार्यविधि प्रकाशित गरिएको छ।

## राष्ट्रिय/अन्तर्राष्ट्रिय समन्वय, सहकार्य ,सम्बन्ध विस्तार एवमं सहयोग र अनुभवको आदान प्रदान सम्बन्धी कार्यविधी, २०८०

**प्रस्तावनाः** विश्व शान्तिका अग्रदुत भगवान गौतम बुद्धको पवित्र जन्मस्थल लुम्बिनी एवं संसारको सर्वोच्च शिखर सगरमाथाको देश भनेर नेपाललाई विश्व सामु चिनाउने, बुद्धको मार्गदर्शन र शान्तिको सन्देश विश्वभर फैलाउने, लुम्बिनी क्षेत्र र नेपालको राष्ट्रिय, अन्तर्राष्ट्रियस्तरमा प्रचारप्रसार गर्ने, लुम्बिनी साँस्कृतिक नगरपालिका तथा बुद्धसँग सम्बन्धित अन्य पालिकाहरुको पर्यटन, आर्थिक, सामाजिक, साँस्कृतिक, धार्मिक लगायत विविध क्षेत्रको समग्र विकासका लागि अन्तर्राष्ट्रिय सहयोग र अनुभवको आदान प्रदान गर्ने, अन्तर्राष्ट्रिय समन्वय र सहकार्यमार्फत सम्बन्ध विस्तार गर्ने र आर्थिक एव प्राविधिक सहयोग र अनुभवको आदानप्रदान गर्न वाञ्छनिय देखिएकोले "राष्ट्रिय/अन्तराष्ट्रिय समन्वय, सहकार्य, सम्बन्ध विस्तार एवमं सहयोग र अनुभवको आदान प्रदान सम्बन्धी कार्यविधी, २०७७" जारी गरिएको छ।

## परिच्छेद १

(१) **संक्षिप्त नाम र प्रारम्भः**

(१) यो कार्यविधीको नाम "लुम्बिनी साँस्कृतिक नगरपालिकाको राष्ट्रिय/अन्तर्राष्ट्रिय समन्वय, सहकार्य, सम्बन्ध विस्तार एवमं सहयोग र अनुभवको आदान प्रदान सम्बन्धी कार्यविधी, २०७७" रहेको छ। यो कार्यविधी नगरकार्यपालिका/नगरसभाले स्वीकृत गरेको मितिदेखि लागु हुनेछ।

(२) **परिभाषा**

**विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः**

क) "कार्यविधि" भन्नाले "लुम्बिनी साँस्कृतिक नगरपालिकाको राष्ट्रिय/अन्तर्राष्ट्रिय समन्वय, सहकार्य, सम्बन्ध विस्तार एवमं सहयोग र अनुभवको आदानप्रदान सम्बन्धी कार्यविधी, २०७७ सम्झनु पर्दछ।

ख) "कार्यपालिका" भन्नाले लुम्बिनी साँस्कृतिक नगरपालिकाको नगरकार्यपालिकालाई सम्झनु पर्दछ।

ग) "नगरपालिका" भन्नाले लुम्बिनी साँस्कृतिक नगरपालिकालाई सम्झनु पर्दछ।

घ) "संविधान" भन्नाले नेपालको संविधानलई सम्झनु पर्दछ।

ङ) "सहकार्य र सह-सम्बन्ध कायम संस्था" भन्नाले लुम्बिनी साँस्कृतिक नगरपालिका र लुम्बिनी एवम् नेपालको विकासमा सहयोग गरिरहेका र नगरपालिकासँग संस्थागत सम्बन्ध कायम भएका र नगरपालिकासँग संस्थागत सम्बन्ध कायम हुने जुनसुकै राष्ट्रिय/अन्तर्राष्ट्रिय सरकारी तथा गैरसरकारी संघ-संस्थालाई सम्झनु पर्दछ।

च) "भगिनी सम्बन्ध र सह-सम्बन्ध कायम पालिका वा सिटी" भन्नाले लुम्बिनी साँस्कृतिक नगरपालिकासँग भगिनी सम्बन्ध र सह-सम्बन्ध कायम भएका र भगिनी सम्बन्ध र सह-सम्बन्ध कायम हुने राष्ट्रिय र अन्तर्राष्ट्रिय पालिका वा सिटीलाई सम्झनु पर्दछ।

छ) "समन्वय शाखा" भन्नाले लुम्बिनी साँस्कृतिक नगरपालिका नगरकार्यपालिकको कार्यालयमा स्थापित राष्ट्रिय/अन्तरराष्ट्रिय समन्वय शाखालाई सम्झनु पर्दछ।

ज) "समन्वय अधिकृत" भन्नाले समन्वय शाखामा कार्यरत छैठौं/सातौं वा आठौं तहको अधिकृतस्तरको कर्मचारी सम्झनु पर्दछ।

झ) "शाखा प्रमुख" भन्नाले जिम्मेवारी तोकी कार्यालयको तलब भत्ता पाउने गरी समन्वय शाखाको काम गर्न खटाईएको करार सेवा वा परामर्श सेवामार्फत नियुक्त गरिएको प्रमुखलाई सम्झनु पर्दछ।

ञ) "समन्वयकर्ता" भन्नाले लुम्बिनीको पर्यटन प्रवर्द्धन र विकासका लागि जिम्मेवारी तोकी राष्ट्रिय अन्तर्राष्ट्रियस्तरमा समन्वय गर्न खटाईएको परामर्श सेवामार्फत नियुक्त गरिएको व्यक्तिलाई सम्झनु पर्दछ।

ट) "सहकार्य र सह-सम्बन्ध कायम संस्थाका पदाधिकारी" भन्नाले यस नगरपालिकासँग भगिनी सम्बन्ध र सह सम्बन्ध स्थापना भएका संस्थाका पदाधिकारी र नगरपालिकासँग संस्थागत सम्बन्ध कायम हुने सरकारी तथा गैरसरकारी संघ-संस्थाका पदाधिकारीहरुलाई सम्झनु पर्दछ।

ठ) "सहकार्य पालिका/सिटी" भन्नाले लुम्बिनी साँस्कृतिक नगरपालिका र बुद्धसँग सम्बन्धित संस्थागत सह-सम्बन्ध कायम भएका पालिकाहरु, पर्यटन प्रवर्द्धनका लागि सहकार्य भएका अन्य पालिकाहरु र संस्थागत सम्बन्ध कायम हुने राष्ट्रिय अन्तराष्ट्रिय पालिका/सिटीहरु सम्झनु पर्दछ।

## परिच्छेद –२

**(३) सहकार्य र समन्वयमा भएका प्रयासलाई संस्थागत गरिने**

(१) नेपाल, लुम्बिनी र अन्तर्राष्ट्रिय संघ-संस्थाहरु बीच रहेको कुटनैतिक सम्बन्धलाई थप मजबुत गराउन, नेपालको शिक्षा, स्वास्थ्य, कृषि, पर्यटन, उद्योग, खेलकुद, फोहोरमैला व्यवस्थापन लगायतका क्षेत्रहरुमा आर्थिक एवम प्राविधिक सहयोग र अनुभवको आदानप्रदान गर्न विभिन्न राष्ट्रिय/अन्तर्राष्ट्रिय सिटी/देशसँग सहकार्य गरेर अगाडि बढ्न एवं आपसी सम्बन्ध विस्तार गर्न भएका प्रयासलाई क्रमिक रुपमा संस्थागत गर्न सकिनेछ ।

**(४) सम्बन्ध विस्तारको कार्यलाई प्राथमिकतामा राखिनेः**

(१) राष्ट्रिय र अन्तर्राष्ट्रिय सहयोग र सहकार्यलाई थप प्रभावकारी र व्यवस्थित बनाउन लुम्बिनी साँस्कृतिक नगरपालिकाको राष्ट्रिय र अन्तर्राष्ट्रिय सम्बन्ध विस्तार सम्बन्धी नीति र रणनीतिलाई प्राथमिकतामा राखी नीति तथा कार्यक्रममा समावेश गरी आवश्यक श्रोत साधनको व्यवस्थापनमार्फत विस्तार गरिनेछ।

## परिच्छेद ३
## सहकार्य र समन्वयको निरन्तरता र उद्देश्य

(५) **सहकार्य र समन्वयलाई निरन्तरता दिइने:**

(१) लुम्बिनी साँस्कृतिक नगरपालिकाको नेतृत्वमा भगवान गौतम बुद्धसँग सम्बन्धित एवं विभिन्न पालिकाहरु र सहकार्य संस्था बिच संस्थागत रुपमा सम्बन्ध स्थापना भएको छ। आगामी दिनमा यस कार्यको निरन्तरता रहनेछ।

(२) स्थापित सम्बन्धबाट पालिकाहरुको लागि पर्यटन विकास एवम आर्थिक प्राविधिक सहयोग र अनुभव आदान प्रदानमा सहयोग पुग्नेछ। सहकार्य पालिका र संस्थाको सहयोगमा लुम्बिनीको समग्र विकासका लागि राष्ट्रिय र अन्तर्राष्ट्रिय सहयोग र अनुभवको आदान प्रदानका लागि पहल र प्रयास गरिनेछ।

(३) यसैगरी अन्य अन्तर्राष्ट्रिय संस्थाहरूसँगको सम्बन्ध विस्तारबाट समग्र लुम्बिनी क्षेत्र र विषेश गरी लुम्बिनी साँस्कृतिक नगरपालिका र बुद्धसँग सम्बन्धित पालिकाहरूको एकीकृत विकासमा सहयोग पुग्ने गरी सहयोगको आदान प्रदान गरिनेछ।

(६) **सहकार्य र समन्वयको उद्देश्य:**

लुम्बिनी साँस्कृतिक नगरपालिका र अन्य राष्ट्रिय/अन्तर्राष्ट्रिय संस्था/पालिका/सिटीहरूसँग सहकार्य र सम्बन्ध स्थापना गर्ने प्रमुख उद्देश्यहरू देहाय बमोजिम रहने छन्।

१. नेपालमा अधिकतम पर्यटकहरुको आगमन मार्फत नेपाल र विशेष गरी लुम्बिनीलाई आन्तरिक र बाह्य पर्यटकहरुको लागि एक पर्यटकीय एवम धार्मिक गन्तव्य स्थलको रुपमा विकास गर्ने।

२. संसारभरि नै बौद्ध धर्म र दर्शनको महत्व बढ्दै गएको परिप्रेक्ष्यमा भगवान बुद्धले दिनु भएको शान्ति, अहिंसा, परोपकार, सदाचार, अपरिग्रह निर्मोह जस्ता (मैत्री, करुणा, मुदिता, उपेक्षा) सदगुण मानवहरु मात्रको लागि महत्वपूर्ण रहेको कुरालाई मार्गदर्शकको रुपमा विश्व मानव जगतमा स्थापित गर्ने।

३. भगवान गौतम बुद्धको मार्गदर्शन र शान्ति मार्गचित्रको पालनाले मात्र अहिले संसार भरि नै ब्याप्त रहेको आर्थिक, सामाजिक, धार्मिक, राजनैतिक समस्या समाधान हुन सक्छ भन्ने मार्गदर्शनको प्रचार प्रसार गर्ने र नेपालमा आगमन हुने पर्यटकहरुलाई शान्ति प्राप्त गर्नको लागि भगवान गौतम बुद्ध जन्मस्थल लुम्बिनी पुगी बुद्धको शान्ति शिक्षा र ध्यान भावना अभ्यासको लागि सर्वसाधारणलाई उत्प्रेरित गर्ने।

४. शान्तिका लागि भगवान गौतम बुद्ध जन्मस्थल लुम्बिनी र बुद्धसँग सम्बन्धित क्षेत्र तिलौराकोट (घर), देवदह (मावली) र रामग्राम (अस्थिधातु रहेको स्थान) को महत्वलाई राष्ट्रिय, अन्तर्राष्ट्रियस्तरमा प्रचारप्रसार गर्ने ।

५. लुम्बिनी साँस्कृतिक नगरपालिका भित्रका नगरबासीहरु लगायत पर्यटन व्यवसायले बुद्ध, बुद्धत्व, बुद्धको शान्ति शिक्षा, बौद्ध अध्यात्मिकता, बौद्ध संवेदनशीलता, पुरातात्विक सम्पदा, बुद्धिष्ट क्षेत्रहरु, लुम्बिनी विकास कोष, लुम्बिनी बौद्ध विश्वविद्यालय, लुम्बिनीको गुरुयोजना लगायतका महत्वपूर्ण विषयमा ज्ञान र तिनको उपयोगिताले सामाजिक तथा व्यवसायिक उन्नयनमा सहयोग गर्ने।

६. रिक्सा वा टेक्सी व्यवसायी र उपहार सामग्री पसल व्यवसायीहरु ल्गायत लुम्बिनी वरिपरि रहेका मुर्त अमुर्त कला, संस्कृति, हस्तकलाहरुको ऐतिहासिक, धार्मिक, साँस्कृतिक तथा पुरातात्विक महत्वलाई उजागर गर्न कला, हस्तकला तथा संस्कृतिलाई पर्यटनसँग जोडेर व्यवसायिक बनाउने र बजारीकरणको सुनिश्चितता प्रदान गर्ने ।

७. लुम्बिनी साँस्कृतिक नगरपालिका भित्र रहेका बुद्ध जन्मस्थल लुम्बिनी बाहेक यस नगरक्षेत्र भित्रका विभिन्न पर्यटकीय गन्तव्य स्थलको सम्भावना बोकेका स्थानहरुको विकास र राष्ट्रिय अन्तर्राष्ट्रियस्तरमा प्रचारप्रसार गर्ने ।

८. लुम्बिनी र लुम्बिनी वरिपरिको दक्ष जनशक्तिलाई बौद्ध संवेदनशीलता सहितको टूर गाइडको ज्ञान भएको टूरिष्ट गाइड तथा उद्यमीका रुपमा उत्प्रेरित गरी सीप आर्जन तथा आर्थिक अवस्था सुदृढीकरण गर्ने ।

९. सहकार्य संस्था लुम्बिनी गार्डेन फाउन्डेसन स्पेन र लुम्बिनी गार्डेन फाउन्डेसन नेपालले बुद्धसँग सम्बन्धित लुम्बिनी लगायत अन्य ठाउँहरु (जस्तैः लुम्बिनी, रामग्राम, कपिलबस्तु, देवदह लगायत सम्पुर्ण बुद्ध सर्किट साथै बौद्धनाथ, स्वयम्भुनाथ) साथै बुद्धदर्शन सँग सम्बन्धित कुराहरुका माध्यमबाट अन्तर्राष्ट्रिय स्तरमा लुम्बिनी क्षेत्र र नेपालको प्रचार प्रसार गर्दै नेपालको पर्यटन प्रवर्द्धन र विकासका लागि नेपाल भित्र र बाहिर गरिने सम्पुर्ण परियोजना एवं कार्यक्रम, कार्यहरुमा सहकार्य गर्ने ।

१०. लुम्बिनी र बुद्ध मार्फत अन्तर्राष्ट्रिय जगतमा लुम्बिनी क्षेत्रका साथै नेपालको प्रचारप्रसार गरि पर्यटन प्रवर्द्धन गर्ने उद्देश्यका साथ लुम्बिनी गार्डेन फाउन्डेसनले स्पेनको एक्स्त्रेमादुरा प्रदेश अन्तर्गतको ऐतिहासिक शहर काथेरेसमा निर्माण गर्न लागेको ठुलो बुद्धमुर्ती सहितको लुम्बिनी पार्क प्रोजेक्ट (परियोजना) लाई आवश्यक समन्वय, सहकार्य र प्राविधिक सहयोग गर्ने ।

## परिच्छेद ४

## समन्वय शाखाको स्थापना, स्रोत व्यवस्थापन र सेवाका शर्तहरू

(७) **समन्वय शाखाको स्थापना:**

(१) परिच्छेद ३ मा उल्लेखित उद्देश्यहरूलाई कार्यरूपमा उतार्नको लागि लुम्बिनी साँस्कृतिक नगरपालिका नगरकार्यपालिकाको कार्यालयमा एक "राष्ट्रिय/अन्तर्राष्ट्रिय समन्वय शाखा" स्थापना गरिनेछ।

(२) मिति २०७४/९/३० को नगरकार्यपालिका बैठकको निर्णय अनुसार स्थापित लुम्बिनी म्याड्रीड सचिवालय र यसका क्रियाकलापहरू "राष्ट्रिय/अन्तर्राष्ट्रिय समन्वय शाखा" मार्फत् व्यवस्थित र सञ्चालन हुनेछन्।

(८) **जनशक्ति एवम् स्रोत व्यवस्थापन:**

(१) समन्वय शाखामा काम गर्नको लागि नगरपालिकाले स्विकृत कर्मचारी सगठन तथा व्यवस्थापन सर्वेक्षण अनुसार छैठौं/सातौं वा आठौं तहको अधिकृत स्तरको कर्मचारी १ जना र प्राविधिक सहायक चौथो वा पाँचौ २ जनासम्म कर्मचारी राख्न सक्नेछ। छैठौं/सातौं वा आठौं तहको अधिकृत शाखा प्रमुखको व्यवस्था नभए सम्मका लागि समन्वय शाखामा कार्यरत कर्मचारीलाई शाखा प्रमुखको जिम्मेवारी दिन सकिनेछ। यदि अनुभवी र विज्ञ कर्मचारीको आवश्यकता परेमा स्विकृत दरबन्दीको परिधीभित्र रहेर समन्वय र सहकार्यको क्षेत्रमा काम गरेको व्यक्तिलाई स्वीकृत दरबन्दी बमोजिम करार सेवामा निरन्तरता दिन वा कार्यरत कर्मचारीलाई कार्यालयको तलब भत्ता शीर्षकबाट तलब भत्ता तथा अन्य सुविधा पाउने गरी परामर्श सेवा मार्फत कर्मचारीको व्यवस्था गरेर समेत शाखा प्रमुखको जिम्मेवारी दिन सकिनेछ।

(२) शाखा प्रमुखलाई कार्यविवरण तोकी कार्यसम्पादन करार गरी पद अनुसारको कार्य जिम्मेवारी, सेवाका शर्त र सुविधा तोकी काममा लगाउन सकिनेछ।

(३) कर्मचारीहरूलाई कार्यपालिकाले प्रचलित कानुन बमोजिम परामर्श वा करारमा नियुक्त गर्नेछ। सो व्यवस्था नभएसम्म योग्यता वा अनुभव, सक्षमता पुरा गरेका बाह्य विज्ञहरूबाट परामर्श सेवा मार्फत काम गराउन सकिनेछ।

(४) समन्यव शाखामा नियुक्त शाखा प्रमुख, एवम् अन्य प्राविधिक कर्मचारी र पदाधिकारीको

सेवाका शर्त र सुविधा नगरकार्यपालिकाले तोके बमोजिम हुनेछ।

(५) समन्यव शाखाको लागि आवश्यक पर्ने भौतिक सामाग्री र सुविधाहरू जस्तै कार्यालय कोठा, फर्निचर, कम्प्युटर, इन्टरनेट आदिको व्यवस्थापन तथा आर्थिक स्रोत र बजेटको व्यवस्था नगरकार्यपालिकाको कार्यालयबाट एवम् सम्बन्धित संस्थासँगको परामर्श र सहकार्यमा व्यवस्थापन गरिनेछ।

**परिच्छेद ५ –**

**शाखा प्रमुख र अन्य कर्मचारीको काम, कर्तव्य र अधिकार**

(९) **शाखा प्रमुखको काम, कर्तव्य र अधिकार**ः

समन्यव शाखाको कार्य व्यवस्थित र प्रभावकारी रुपमा सञ्चालनका लागि नेतृत्वदायी भूमिका निर्वाह गर्नको लागि यस शाखामा रहने शाखा प्रमुखको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछन।

क) लुम्बिनी साँस्कृतिक नगरपालिका र राष्ट्रिय/अन्तर्राष्ट्रिय नगरपालिका/City, सरकारी गैरसरकारी संघ संस्था बीच सम्बन्ध कायम भएका एवं हुने सहमति सम्झौता कार्यान्वयन, संञ्चालन हुने परियोजना र कार्यक्रम कार्यान्वयन गर्ने।

ख) लुम्बिनी साँस्कृतिक नगरपालिका र राष्ट्रिय अन्तर्राष्ट्रिय पालिका बीचको सम्बन्धलाई संस्थागत, दिगो र सुमधुर बनाउन नेतृत्वदायी भूमिका निर्वाह गर्ने।

ग) लुम्बिनी साँस्कृतिक नगरपालिकको राष्ट्रिय, अन्तर्राष्ट्रिय सम्बन्धलाई संस्थागत गर्ने सोका लागि सहयोगी व्यक्ति र संघ संस्थासँग समन्वय गर्ने।

घ) लुम्बिनी साँस्कृतिक नगरपालिकासँग संस्थागत सम्बन्ध कायम भएका एवम् भविष्यमा सम्बन्ध कायम हुन सक्ने राष्ट्रिय/अन्तर्राष्ट्रिय City सरकारी गैरसरकारी संघ-संस्थाबाट लुम्बिनीको शिक्षा, स्वास्थ्य, कृषि, पर्यटनको विकासमा प्राप्त हुन सक्ने सहयोग र सहकार्यका क्षेत्र पहिचान गरी आर्थिक प्राविधिक सहयोगको योजना/परियोजना निर्माण गर्ने, कार्यान्वयन योजना तयार गर्ने र कार्यान्वयनका लागि समन्वय र सहजीकरण गर्ने।

ङ) सहकार्य संस्था लुम्बिनी गार्डेन फाउन्डेसनद्वारा लुम्बिनीको अन्तर्राष्ट्रियस्तरमा प्रचार प्रसार गरी पर्यटन प्रवर्द्धन र विकासका लागि लुम्बिनी साँस्कृतिक नगरपालिका, काथेरेस नगरपालिका

स्पेन र अन्तराष्ट्रिय सघ संस्थाको आर्थिक र प्राविधिक सहयोगमा काथेरेस सिटी स्पेनमा निर्माण हुने बुद्ध गार्डेन परियोजना (बुद्ध पार्क) मा आवश्यक सहयोग र समन्वय गर्ने।

च) लुम्बिनीको प्रचारप्रसार र पर्यटन प्रवर्द्धन एवं विकासका लागि काम गर्ने राष्ट्रिय अन्तर्राष्ट्रिय सरकारी एवं गैरसरकारी संघ-संस्थासँग सहकार्य र समन्वय गर्ने।

छ) समन्यव शाखामा सञ्चालित कार्यक्रमको प्रतिवेदन तयार गरी नगरपालिका र सम्बन्धित संस्थामा पेश गर्ने।

ज) नगर प्रमुख र प्रमुख प्रशासकीय अधिकृतको मातहत एवं निर्देशन अन्तर्गत रही तोकेका अन्य कार्यहरू गर्ने।

**१०. अन्य कर्मचारीको काम, कर्तव्य र अधिकार:**

**समन्वय शाखामा रहने अन्य काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछन:**

क) लुम्बिनी साँस्कृतिक नगरपालिका र अन्य राष्ट्रिय/अन्तर्राष्ट्रिय सरकारी, गैरसरकारी संघ संस्था बीच भएका र हुने सहमती सम्भौता कार्यान्वयन एवं संञ्चालन हुने परियोजना र कार्यक्रम कार्यान्वयन गर्ने कार्यमा सहयोग गर्ने।

ख) लुम्बिनी साँस्कृतिक नगरपालिका र अन्य राष्ट्रिय, अन्तराष्ट्रिय पालिका बिचको सम्बन्धलाई संस्थागत, दिगो र सुमधुर कायम गर्न समन्वयकारी भूमिका निर्वाह गर्ने।

ग) लुम्बिनी साँस्कृतिक नगरपालिका र अन्य राष्ट्रिय अन्तर्राष्ट्रिय संस्थासँग भएको सम्भौता बमोजिमको निति, नियम र निर्देशनमा रही कार्य गर्ने।

घ) आपसी सहयोगका क्षेत्रहरू पहिचान गरी सहकार्य र सहयोगको कार्य ढाँचा निर्माण गर्ने।

ङ) नगर प्रमुख र प्रमुख प्रशासकीय अधिकृतको मातहत एवं निर्देशन र शाखा प्रमुखको समन्वय र सहकार्यमा रही कार्य गर्ने।

च) शाखा प्रमुखले कार्यविवरणमा तोकेर दिईएका अन्य कार्यहरु गर्ने।

## परिच्छेद ६

## समितिहरु एवम् प्रतिनिधी सम्बन्धी व्यवस्था

**११. राष्ट्रिय अन्तर्राष्ट्रिय सम्बन्ध विस्तार कार्यसम्पादन समितिको व्यवस्था:**

(१) समन्यव शाखाको कार्यलाई सहयोग एवम् अनुगमन मुल्याङ्कन गर्न देहाय बमोजिम एक व्यवस्थापन एवं कार्य सम्पादन समिति रहनेछः

| | |
|---|---|
| क) नगर प्रमुख | संयोजक |
| ख) नगर उप प्रमुख | सह संयोजक |
| ख) वडा अध्यक्ष (नगर प्रमुखले तोकेको) | सदस्य |
| ग) प्रमुख प्रशासकीय अधिकृत | सदस्य |
| घ) पर्यटन विज्ञ (नगर प्रमुखले तोकेको) | सदस्य |
| ङ) अन्तराष्ट्रिय विज्ञ (नगर प्रमुखले तोकेको) | सदस्य |
| च) शाखा प्रमुख | सदस्य सचिव |

(२) कार्य सम्पादन समितिका पदाधिकारी एवम् विज्ञको सेवा सुविधा कामको आधारमा नगरकार्यपालिकाले तोके बमोजिम हुनेछ।

१२. **सल्लाहकार समितिको व्यवस्थाः**

(१) समन्यव शाखा लाई प्रभावकारी बनाई उद्देश्य अनुसारका कार्य गर्न राष्ट्रिय/अन्तर्राष्ट्रिय अनुभव र दक्षता हासिल महानुभाव रहेको निम्न बमोजिम सल्लाहकार समिति गठन गरिनेछ । सल्लाहकार समितिको काम, कर्तव्य र अधिकार एवम् सेवा सुविधाहरू कार्यपालिकाले तोके बमोजिम हुनेछ।

(२) सल्लाहकार समितिका संयोजक र सदस्यहरू नगर प्रमुखले मनोनित वा तोकेबमोजिम हुनेछन।

संयोजक

सदस्यः

सदस्यः

सदस्यः

सदस्यः

१३. **समन्वयकर्ता वा प्रतिनिधी तोक्न सक्नेः**

विश्व शान्तिका अग्रदुत भगवान गौतम बुद्ध जन्मस्थल लुम्बिनीको राष्ट्रिय/अन्तर्राष्ट्रिय स्तरमा प्रचारप्रसार एवं सम्बन्ध विस्तार गरी लुम्बिनीको पर्यटन प्रवर्द्धन, आर्थिक, प्राविधिक सहयोग प्राप्ति र अनुभवको आदान प्रदानमा सहजीकरण र समन्वय गर्न एवं लुम्बिनी साँस्कृतिक नगरपालिकाको समन्वयकर्ता वा प्रतिनिधिको रुपमा राष्ट्रिय/अन्तर्राष्ट्रिय क्षेत्रमा

काम गर्न अनुभव र दक्षता हासिल गरेका व्यक्ति एवं गैर आवासीय नेपाली संघ (NRNA) का सदस्यहरुलाई कार्यपालिका वा नगर प्रमुखले राष्ट्रिय/अन्तर्राष्ट्रिय समन्वयकर्ता वा प्रतिनिधि तोक्न सक्नेछ/सक्नु हुनेछ । समन्वयकर्ताको मासिक पारिश्रमिक एवं अन्य सेवा सुविधा नगर्कार्यपालिकाले तोकेअनुसार हुनेछ।

**१४. शंसोधन वा खारेज गर्न सकिनेः**

यो कार्यविधीमा लेखिएको कुनै दफा उपदफाहरू खारेज वा शंसोधन गर्नु परेमा कार्यपालिका बैठक/नगरसभाको निर्णयबाट खारेज वा शंसोधन हुनेछ।

**१५. बाधा अड्काउ फुकाउने अधिकारः**

यस कार्यविधीको उद्देश्य कार्यान्वयन गर्न कुनै बाधा अड्काउ परेमा नगर कार्यपालिकाले उक्त बाधा अड्काउ हटाउन आदेश जारी गर्न सक्नेछ र त्यस्तो आदेश यसै कार्यविधीमा परे सरह मानिनेछ।

**१६. बचाउ र लागु नहुने**

(१) यस कार्यविधीमा लेखिएजति कुरामा सोही बमोजिम र नलेखिएको कुरामा प्रचलित कानुन बमोजिम हुनेछ

(२) यस कार्यविधीमा लेखिएका दफा तथा उपदफाहरू संघीय ऐन र प्रादेशिक ऐनसँग बाझिएमा बाझिएको हदसम्म स्वतः निष्कृय हुनेछन् ।

(३) नगरपालिकाबाट राष्ट्रिय/अन्तर्राष्ट्रिय सम्बन्ध, सहकार्य र समन्वय सम्बन्धी यस अघि भए गरिएका कार्यहरू यसै कार्यविधी बमोजिम भए गरेको मानिनेछ।

आज्ञाले

राम प्रसाद ज्ञवाली

प्रमुख प्रशासकिय अधिकृत